# परिच्छेद २

# संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजना

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | संगठन तथा संरचना | क) प्रदेशको अधिकारसूची तथा कार्य जिम्मेवारीका आधारमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी प्रदेशको मन्त्रालयको संख्या तथा संरचना र मातहत निकायको संगठन संरचना पुनरावलोकन गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सहजीकरण गर्ने। कर्मचारी समायोजनको कार्य पौष भित्र सम्पन्न भएपछि प्रदेशले आफ्नो आवश्यकता र उपयुक्तता बमोजिम संगठन संरचना र दरबन्दी कायम गर्ने। |
| | | ख) प्रदेशको अधिकार सूची तथा कार्य जिम्मेवारी अनुसारका हस्तान्तरण हुन बाँकी संगठन संरचनाहरू प्रदेश सरकारलाई हस्तान्तरण गर्ने । | संघका सम्बन्धित मन्त्रालय | २०७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) नेपाल राष्ट्र बैंकले प्रत्येक प्रदेशभित्र कार्यालय स्थापना गर्ने । | नेपाल राष्ट्र बैंक | २०७५ चैत्र | अर्थ मन्त्रालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | घ) बैंक तथा वित्तीय संस्थाका प्रदेशस्तरीय सम्पर्क कार्यालय स्थापना गर्ने । | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | 2076 पुष | नेपाल राष्ट्र बैँक | |
| | | ङ) संघीय निकायका खारेज हुन बाँकी रहेका क्षेत्रीय कार्यालय तथा निर्देशनालय खारेज गर्ने र खारेज भएका तथा खारेज हुने कार्यालयहरूको भौतिक सम्पत्ति (भवन, सवारी साधन) प्रदेश सरकारलाई हस्तान्तरण गर्ने । | संघका सम्बन्धित मन्त्रालयहरू | तत्काल खारेज गर्न सकिनेको हकमा २०७५ पौष सम्म र कानूनबाट खारेज गर्नुपर्नेको हकमा २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | च) नगर विकास समिति ऐन, २०४५ पुनरावलोकन गरी नगर विकास समिति खारेज गर्ने । | शहरी विकास मन्त्रालय | २०७५ फागुन २१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | छ) साविकका पाँचवटा क्षेत्रीय आपतकालीन कार्यसंचालन केन्द्र र क्षेत्रीय आपतकालीन गोदामघरहरूलाई प्रादेशिक आपतकालीन कार्य संचालन केन्द्र र प्रादेशिक आपतकालीन गोदामघरको रुपमा हस्तान्तरण गरी प्रदेश सरकार मातहत राख्ने । थप दुई प्रदेशमा सोही प्रकृतिका संरचना निर्माण गर्न संघले बजेट व्यवस्था मिलाउने । | गृह मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय<br>प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालय | २०७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २ | शिक्षा विकास तथा समन्वय | आवश्यकतानुसार शिक्षा विकास तथा समन्वय कार्यालय स्थापना गर्ने । | गृह, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| ३ | जनशक्ति | क) कर्मचारी समायोजन सम्पन्न गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सेवा समूह संचालन गर्ने संघका मन्त्रालयहरू | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ख) समायोजन प्रक्रिया र केन्द्रिय पुल ब्यवस्थाबाट खटाउँदा पनि पदपूर्ति हुन नसकेमा मात्र स्वीकृत प्राविधिक दरबन्दीको पदमा स्थायी पदपूर्ति भएपछि स्वत: हट्ने गरी मापदण्ड बनाई करारमा सेवा लिने। | प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | 20७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) यस प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूना मापदण्ड बनाई प्रदेशमा पठाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | घ) समायोजन कार्य सम्पन्न भएपछि प्रदेशको रिक्त दरबन्दी पूर्ति गर्न प्रदेश लोक सेवा आयोग गठन नभएसम्मको लागि प्रदेश सरकारको अनुरोधमा लोक सेवा आयोगबाट पदपूर्ति प्रक्रिया अगाडि बढाउने । रिक्त पदको माग आकृती फाराम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले भरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, | २०७५ माघ | | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | सम्पत्ति तथा पूर्वाधार | क) प्रदेश सरकारको मन्त्रालय/निकाय बसेका कार्यालय भवन वा जग्गा वा अन्य भौतिक सम्पत्ति उपयोगका लागि प्रदेश सरकारलाई उपलब्ध गराउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघका सम्बन्धित मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ख) नेपाल सरकारका संरचना रहेका वा रहने जग्गा बाहेक प्रदेश मन्त्रिपरिषद्ले प्रादेशिक कार्यालय निर्माण गर्न माग गरेको सरकारी जग्गा उपयोगका लागि प्रदेश सरकारलाई उपलब्ध गराउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघका सम्बन्धित मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सिफारिसमा जिल्लास्तरमा खारेज भएका संघीय कार्यालयहरूको जग्गा, भवन तथा अन्य भौतिक सम्पत्ति सरकारी कार्यालय प्रयोजनका लागि मात्र आवश्यकता र उपयुक्तताका आधारमा नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई उपलब्ध गराउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघका सम्बन्धित मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ५ | कानून | क) नेपालको संविधानको धारा ३०४ को प्रयोजनको लागि संविधानसँग बाझिएका कानूनहरू संसोधन तथा खारेज गर्न र संविधान अनुकूल कानून परिमार्जन तथा संशोधनका लागि केही नेपाल ऐन संशोधन गर्ने कानून बनाउने। | कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | 2075 फागुन २१ | | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ख) संघ, प्रदेश र स्थानीय तहबीचको अन्तर समन्वय सम्बन्धी कानून बनाउने । | प्रधामन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७५ फागुन | | |
| | | ग) प्रदेश र स्थानीय तहको परामर्शमा साझा अधिकारको सूचीको विषयमा प्राथमिकताका आधारमा पहिलो चरणमा शिक्षा, विद्युत, सिँचाई, जलस्रोत, वन, सञ्चार, उद्योग, खानी, पर्यटन, यातायात, वातावरण, कृषि, पशुपन्छी सम्बन्धी तीन तहकै अधिकार प्रष्ट हुने गरी कानून बनाउने । | संघका विषयगत मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | घ) गुठी सम्बन्धी संघीय कानून बनाउने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७५ फागुन २१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ङ) भू-उपयोग सम्बन्धी कानून बनाउने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | च) सार्वजनिक खरिद सम्बन्धि मौजुदा कानूनमा संघीयताको सन्दर्भबाट र अन्य आवश्यक विषय समेत समावेश गरी संशोधन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | छ) नेपाल प्रहरी र प्रदेश प्रहरीको कार्यसञ्चालन, सुपरिवेक्षण र समन्वय सम्बन्धी कानून बनाउने । | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | मन्त्रिपरिषद्को कार्यालय | |
| | | ज) संघीय प्रहरी सम्बन्धी कानून बनाउने । | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | झ) प्रमुख जिल्ला अधिकारीको संघीय र प्रदेशस्तरीय भूमिका निर्धारण गर्ने लगायतका विषय समावेश गरी आन्तरिक सुरक्षा सम्बन्धी संघीय कानून बनाउने। | गृह मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ञ) प्रदेशको अनुरोधमा प्रदेशका लागि आवश्यक पर्ने कानूनको नमूना मस्यौदा उपलब्ध गराउने । | संघका सम्बन्धित मन्त्रालय र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | अनुरोध प्राप्त भएको मितिले ३ महिनाभित्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ट) प्रदेशको अनुरोधमा प्रदेशका लागि आवश्यक पर्ने कानून बनाउन नेपाल कानून आयोग र प्रदेश सरकार बीच समन्वय कायम गर्ने र प्रदेशलाई विशेषज्ञता उपलब्ध गराउने। | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय,<br>नेपाल कानून आयोग | आवश्यकता अनुसार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, | |
| | | ठ) प्रदेश तथा स्थानीय तहले बजेट पेश गर्ने समय लगायतका विषय समावेश गरी अन्तर सरकारी वित्त व्यवस्थापन सम्बन्धी ऐन संशोधन गर्ने । | अर्थ मन्त्रालय, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ड) प्रदेश सरकार तथा स्थानीय तहको संरचना र भूमिका स्पष्ट गर्ने गरी विपद् | गृह मन्त्रालय | २०७६ वैशाख | प्रधानमन्त्री तथा | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन संशोधन गर्ने । | | | मन्त्रिपरिषद्को कार्यालय | |
| | | ढ) प्रदेश प्रहरी समायोजन कानून बनाउने । | गृह मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ६ | मापदण्ड/ कार्यविधि | क) प्रदेश लोकसेवा आयोग गठन गर्ने सम्बन्धमा आधार र मापदण्ड सम्बन्धी कानून बनाउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ फागुन | | |
| | | ख) प्रदेश प्रहरीको भर्ना छनौट शैक्षिक योग्यता, तालिम, पोशाक र सुरक्षा लगायतका विषयसँग सम्बन्धित आधार र मापदण्ड सम्बन्धी कानून बनाउने । | गृह मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) प्रदेश निजामती सेवाको गठन तथा सेवा सर्त सम्बन्धी आधार र मापदण्डको विषय समेत समावेश गरी संघीय निजामती सेवा सम्बन्धी कानून बनाउने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | घ) प्रदेश निजामती सेवा सम्बन्धी नमूना कानूनको मस्यौदा बनाई प्रदेशलाई उपलब्ध गराउने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ङ) स्थानीय सेवाको गठन र सर्त सम्बन्धी आधार र मापदण्ड सम्बन्धी कानून बनाउने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | मन्त्रिपरिषद्को कार्यालय | |
| | | च) एकीकृत वस्ती विकास सम्बन्धी नीति र मापदण्ड बनाउने । | शहरी विकास मन्त्रालय,<br>भूमी व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | छ) प्रदेशस्तरमा वित्तिय संस्था संचालन सम्बन्धी नीति र मापदण्ड बनाउने । | अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ज) संघका सम्बन्धित मन्त्रालयले साझा अधिकारको सूचीका विषयसँग सम्बन्धित नीति र मापदण्ड बनाउने। | संघका सम्बन्धित मन्त्रालय | 2075 फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ७ | कर तथा राजश्व | क) कर सम्बन्धमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।०८।१७ को निर्णय कार्यान्वयन गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार र स्थानीय तह | तत्काल | अर्थ मन्त्रालय | |
| | | ख) दुई वा तीन तहको अधिकारमा रहेका करहरूको बारेमा स्पष्ट गर्ने । | अर्थ मन्त्रालय,<br>कानून न्याय तथा संसदीय मामिला मन्त्रालय | कानून बनाई वा पुनरावलोकन गरी स्पष्ट गर्नु पर्ने विषयमा २०७६ जेठ र नीति तथा मापदण्डबाट स्पष्ट | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | गर्नुपर्ने विषयमा २०७5 चैत्र | | |
| ८ | प्राकृतिक स्रोत | क) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग गठन गर्ने । | संवैधानिक परिषद, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ पौष | | |
| | | ख) संविधानको धारा ५९(४) बमोजिम प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त लाभ वितरण सम्बन्धी कानून बनाउने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी बाँडफाँडको लागि विभाज्य कोष खडा गर्ने। | अर्थ मन्त्रालय | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | घ) ढुंगा, गिटी, बालुवा संकलन तथा वितरण र क्रसर उद्योग संचालनको मापदण्ड सम्बन्धी कानून बनाउने। | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ९ | बजेट तथा खर्च | क) चालु आर्थिक वर्षको संघीय बजेटबाट प्रदेश र स्थानीय तहमा हस्तान्तरण भइ सम्बन्धित तहबाट आयोजना सम्पन्न हुने सुनिश्चित भएका आयोजना तथा कार्यक्रम विस्तृत अध्ययन प्रतिवेदन (DPR), वित्तिय, भौतिक स्थिती र ठेक्का | संघका सम्बन्धित मन्त्रालय | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ब्यवस्थापनको सम्पूर्ण अभिलेख सहित हस्तान्तरण गर्ने । | | | | |
| | | ख) बहुवर्षिय ठेक्का अन्तर्गत कार्यान्वयन भईरहेका आयोजनाको<br>(१) आयोजना अवधि (Project Period), लागत, अहिलेसम्मको खर्च र भौतिक प्रगतिको विवरण, र<br>(२) चालू आर्थिक वर्षको अहिलेसम्मको खर्च, असारसम्म खर्च हुन सक्ने रकम र भौतिक प्रगतिको विवरण तयार गरी सम्बन्धित निकायमा पठाउने । | संघका पूर्वाधारसम्बन्धी मन्त्रालयहरू | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) संघबाट हस्तान्तरण भएका बहुवर्षिय आयोजना तथा कार्यक्रमका लागि आवश्यक पर्ने कुल वजेट र चालु आर्थिक वर्षमा आवश्यक पर्ने बजेट यकिन गरी प्राथमिकता र स्रोत उपलब्धताका आधारमा बजेट व्यवस्थापन गर्ने । | अर्थ मन्त्रालय | आवश्यकता अनुसार | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | घ) हस्तान्तरण हुनुपूर्व आर्थिक दायित्व सिर्जना भइसकेका आयोजना तथा कार्यक्रमको संख्या र लागत यकिन गरी वार्षिक रुपमा ससर्त अनुदान मार्फत कार्यप्रगतिका आधारमा बजेट व्यवस्थापन गर्दै जाने । | अर्थ मन्त्रालय | २०७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ङ) (१) प्रदेशले बजेट पारित गरिसकेपछि संरचना र कार्यक्षेत्र परिवर्तन भई संघका मन्त्रालयबाट अख्तियारी र निकासाको रुपमा थप रकम पठाउनुपर्ने भएमा पठाउने ।<br>(२) प्रदेश तथा स्थानीय तहले यसरी प्राप्त रकम समावेश गरी आय व्यय तथा सो सम्बन्धी कानून संशोधन गर्ने । | संघका सम्बन्धित मन्त्रालय, प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय | २०७५ पौष<br>2075 फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | (च) नेपाल सरकारबाट प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका वैदेशिक सहायतामा संचालित आयोजना तथा आवश्यक अन्य आयोजना संघले व्यवस्थापन गरी सम्पन्न गर्नुपर्दा सम्बन्धित प्रदेश तथा स्थानीय तहको सहमतिमा गर्ने। | संघका सम्बन्धित मन्त्रालय | तत्काल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, अर्थ मन्त्रालय | |
| | | (छ) (क) संरचनागत खरिदको व्यवस्था नहुँदासम्म स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वीकृत गरेको मापदण्ड बमोजिम आधारभूत स्वास्थ्य सेवा 2075 को प्याकेजमा उल्लिखित औषधीहरू सार्वजनिक खरिद सहजीकरण पुस्तिकामा उल्लिखित व्यवस्था समेतको आधारमा प्रदेश र स्थानीय तहले आफ्नो स्वीकृत बजेटबाट | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, अर्थ मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | 2075 पुष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | औषधीको गुणस्तर कायम हुनेगरी खरिदको व्यवस्था मिलाउने ।<br>(ख) सबै प्रकारका खोप लगायतका अन्य औषधीहरू स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले खरिद गरी प्रदेश र स्थानीय तहलाई उपल्बध गराउने । | | | | |
| | | (ज) हालसम्म पनि चालु आर्थिक वर्षको बजेट पारित नगरी कार्यान्वयनमा ल्याइएको विषयमा सम्बन्धित निकायको ध्यानाकर्षण गर्ने । | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | (झ) दातृ निकायको सहयोगमा संचालन भई सम्पन्न भएका प्रदेश तथा स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने आयोजनाहरूको भौतिक र योजनासँग सम्बन्धित सम्पूर्ण कागजात एवम् अभिलेख सम्बन्धित प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने । | संघका सम्बन्धित मन्त्रालय | तत्काल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १० | आन्तरिक ऋण | आन्तरिक ऋण सम्बन्धी कानून संशोधन गरी प्रदेश र स्थानीय तहले उठाउने ऋणको कार्यविधि तयार गर्ने । | अर्थ मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| ११ | लेखा र लेखा परिक्षण | क) प्रदेश र स्थानीय तहको खर्च प्रतिवेदन गर्ने प्रणाली तयार गरी कार्यान्वयन गर्ने। | महालेखा नियन्त्रक कार्यालय | २०७५ माघ | अर्थ मन्त्रालय | |
| | | ख) संघ, प्रदेश र स्थानीय तहमा हाल प्रयोगमा रहेको बजेट तथा लेखा प्रणाली | अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय | २०७५ चैत्र | प्रधानमन्त्री तथा | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | सम्बन्धी सफ्टवेयरमा आवश्यक परिमार्जन गरी आगामी आर्थिक वर्ष देखि सबै तहको बजेट, खर्च र प्रतिवेदन प्रणालीका बीच अन्तर आबद्वता कायम गर्ने । | | | मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) साविकमा संघ अन्तर्गत रही हाल प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका कार्यालय, कार्यक्रम र आयोजना सम्बद्ध लेखा/ स्रेस्ता अध्यावधिक गरी तत् तत् कार्यालय, कार्यक्रम र आयोजनाको विगत वर्षको लेखा परीक्षण गर्न सम्बन्धित लेखा उत्तरदायी अधिकारीलाई तोक्ने। | संघका सम्बन्धित मन्त्रालय, प्रदेश तथा स्थानीय तह | निरन्तर | अर्थमन्त्रालय | |
| | | घ) विषयगत मन्त्रालयको कार्यक्षेत्र भित्र पर्ने विषयहरूमा प्रदेश र स्थानीय तहले प्रतिवेदन गर्ने सूचना प्रणाली स्थापना गरी कार्यान्वयनमा ल्याउने। | संघका सम्बन्धित मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | तत्काल शुरु गरी निरन्तर | संघका सम्बन्धित मन्त्रालय | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| १२ | योजना तथा कार्यक्रम | क) प्रदेश तथा स्थानीय तहले राष्ट्रिय योजनाको खाकाभित्र रही आवधिक योजना तयार गर्ने । | राष्ट्रिय योजना आयोग, प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह | २०७५ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोग | स्थानीय तहले आवधिक योजना र मध्यकालिन खर्च संरचना बनाउदा आफ्नो सामार्थ्य बाहिरका योजना तथा |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ख) प्रदेश र स्थानीय तहले आर्थिक वर्ष २०७६/०७७ देखि आर्थिक वर्ष २०७८/079 सम्मको मध्यकालिन खर्च संरचना तयार गर्ने । | प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालय र स्थानीय तह | २०७६ जेठ | राष्ट्रिय योजना आयोग | कार्यक्रम प्रदेशलाइ र प्रदेशले आवधिक योजना र मध्यकालिन खर्च संरचना बनाउदा आफ्नो सामर्थ्य बाहिरका योजना तथा कार्यक्रमको छुट्टै आयोजना बैंक तयार गरी राष्ट्रिय योजना आयोगलाई उपलब्ध गराउने । |
| | | (ग) संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने आयोजनाको वर्गीकरण गर्ने । | राष्ट्रिय योजना आयोग, संघका पूर्वाधार सँग सम्बन्धित मन्त्रालय | 2076 वैशाख | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १३ | परराष्ट्र सम्बन्ध | प्रदेश तथा स्थानीय तहले पालना गर्नु पर्ने कूटनीतिक शिष्टाचार, आचारसंहिता सम्बन्धी निर्देशिका बनाउने । | परराष्ट्र मन्त्रालय | २०७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १४ | वैदेशिक भ्रमण | प्रदेश सरकार र स्थानीय तहको पदाधिकारी र कर्मचारीको वैदेशिक भ्रमण सम्बन्धी कार्यविधि बनाउने। | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | 2075 माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १५ | विकास सहायता | प्रदेश सरकार र स्थानीय तहमा परिचालन हुने विकास सहायताको विषय समेत समावेश गरी विकास सहायता नीति परिमार्जन गर्ने । | अर्थ मन्त्रालय | २०७५ माघ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १६ | अन्तर सरकार | क) काठमाडौं उपत्यकामा प्रदेश प्रमुख तथा मुख्यमन्त्री निवासको अन्तरिम | शहरी विकास मन्त्रालय | २०७५ चैत | प्रधानमन्त्री तथा | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | समन्वय र सम्बन्ध | व्यवस्थापन तथा सम्पर्क कार्यालय निर्माण गर्ने । | | | मन्त्रिपरिषद्को कार्यालय | |
| | | ख) काठमाडौं उपत्यकामा प्रदेश प्रमुख तथा मुख्यमन्त्रीको निवास निर्माण सम्पन्न गर्ने। | शहरी विकास मन्त्रालय | २०७७ चैत्र | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| | | ग) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अन्तर प्रदेश परिषद्को सचिवालयको स्थापना गर्ने । | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | तत्काल | | |
| | | घ) अन्तर प्रदेश परिषद्को बैठकसम्बन्धी कार्यविधि तयार गर्ने । | अन्तर प्रदेश परिषद्को बैठक | 2075 पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १७ | सञ्चार | एफ. एम. रेडियो र टेलिभिजन प्रसारणको इजाजत तथा नियमन प्रदेश तथा स्थानीय तहबाट समेत हुनेगरी कानून संशोधन गर्ने । | संचार तथा सूचना प्रविधि मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १८ | मर्यादाक्रम | मर्यादाक्रम पुनरावलोकन गर्ने । | गृह मन्त्रालय | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| १९ | सार्वजनिक खरिद | क) प्रदेश र स्थानीय तहले समेत खरिद सम्बन्धी कार्य गर्दा संघीय सार्वजनिक खरिद ऐन बमोजिम गर्ने । | संघ, प्रदेश र स्थानीय तह | तत्काल | सार्वजनिक खरिद अनुगमन कार्यालय | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | ख) प्रदेश तथा स्थानीय तहको लागि सार्वजनिक खरिद नियमावलीको नमूना मस्यौदा तयार गरी उपलब्ध गराउने | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०७५ चैत्र | | |
| २० | कारागार व्यवस्थापन | कारागार सम्बन्धी ऐनलाई पुनरावलोकन गरी प्रदेशको भूमिका स्पष्ट पार्ने । | गृह मन्त्रालय | २०७६ चैत | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २१ | सुकुम्बासी | सुकुम्बासि र अव्यवस्थित बसोवासीको व्यवस्थापनको आधार र मापदण्ड सम्बन्धी संघीय कानून बनाउने । | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, गृह मन्त्रालय, | २०७5 फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २२ | जग्गा प्राप्ति | संघीयताको सन्दर्भमा जग्गा प्राप्ती ऐन, २०३४ र अचल सम्पत्ती अधिग्रहण गर्ने ऐन २०१३ पुनरावलोकन गर्ने । | गृह मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | २०७५ फागुन | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २३ | वन सम्बन्धी मुद्दाको अनुसन्धान र दायरी | बन सम्बन्धी मौजुदा कानून संशोधन नभएसम्मका लागि अन्तरिम व्यवस्थापन गर्न डिभिजन वन अधिकृतले वन ऐन, २०४९ बमोजिम जिल्ला वन अधिकृतको अधिकार प्रयोग गर्ने गरी व्यवस्था मिलाउने । | वन तथा वातावरण मन्त्रालय | तत्काल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २४ | विशिष्ट व्यक्तित्वहरू को सुरक्षा व्यवस्थापन | विशिष्ट व्यक्तित्वहरूको सुरक्षा व्यवस्थापन कार्यविधि पुनरावलोकन गर्ने । | गृह मन्त्रालय | २०७५ पौष | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | |
| २५ | सार्वजनिक विदा | नेपाल सरकारले तोकेका सार्वजनिक विदा बाहेक धर्म संस्कृती र रिति रिवाज अनुसार | गृह मन्त्रालय | २०७५ पौष | प्रधानमन्त्री तथा | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| | | प्रदेश सरकाले बढीमा ६ दिन सम्मको सार्वजनिक विदा दिन सक्ने । यसरी दिइने थप सार्वजनिक विदामा प्रदेशमा रहेका संघीय मन्त्रालय, विभाग र केन्द्रीय स्तरका निकाय बाहेकका संघीय कार्यालयहरूमा पनि बिदा हुने व्यवस्था मिलाउने ।तर शान्ति सुरक्षा र अत्यावश्यक सेवा संचालन गर्ने कार्यालयका कर्मचारीहरूले सट्टा विदा दिने गरी सेवा निर्वाध रुपमा संचालन गर्ने व्यवस्था मिलाउने। | | | मन्त्रिपरिषद्को कार्यालय | |
| २६ | कानून बमोजिम स्थापित स्वायत्त संस्थाहरू | छुट्टै कानून द्वारा गठित आयोग, समिति, बोर्ड, प्राधिकरण, प्रतिष्ठान, कोष, केन्द्र आदिको कानून पूनरावलोकन गरी प्रदेश सरकार र स्थानीय तहको भूमिका स्पष्ट गर्ने । | संघका सम्बन्धित सबै मन्त्रालयहरू | 2075 फागुन | | |
| २७ | अन्तराष्ट्रिय तथा अन्तर प्रादेशिक व्यापार | क) प्राइभेट फर्म दर्ता तथा वाणिज्य व्यवसाय नियमन सम्बन्धी नयाँ कानून बनाउने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | 2075 चैत्र | | |
| | | ख) साझेदारी सम्बन्धी नयाँ कानून बनाउने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | 2075 चैत्र | | |
| | | ग) प्रदेशका लागि अन्तर प्रादेशिक व्यापारका सम्बन्धमा वाणिज्य व्यवसाय नियमन तथा व्यवस्थापन सम्बन्धी नमूना कानूनको मस्यौदा बनाई उपलब्ध गराउने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०७५ बैशाख | | |

| सि.नं. | समस्याको विषय/ क्षेत्र | समाधानको उपाय/क्रियाकलाप | जिम्मेवार निकाय | समयसीमा | अनुगमन गर्ने निकाय | कैफियत |
|---|---|---|---|---|---|---|
| २८ | उपभोक्ता हकहित सम्बन्धित | प्रदेश सरकार र स्थानीय तहको उपभोक्ता हकहित संरक्षण र बजार अनुगमन सम्बन्धी नमूना कानूनको मस्यौदा बनाई उपलब्ध गराउने। | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | 2075 चैत्र | | |
| २९ | बालगृह, पुनर्स्थापना केन्द्र, उद्दार गृह र वृद्धाश्रम जस्ता संरचनाहरू | विभिन्न जिल्लामा संचालनमा रहेका सरकारी बालगृह, पुनर्स्थापना केन्द्र, उद्धार गृह, बृद्धाश्रम जस्ता संरचनाहरू सम्बन्धित स्थानीय तहले संचालन र व्यवस्थापन गर्ने र निजी र सामाजिक संघसंस्थाबाट संचालन रहेका त्यस्ता संरचनाको सम्बन्धमा सम्बन्धित स्थानीय तहको स्वीकृतीमा संचालन गर्ने व्यवस्था मिलाइ सोको अनुगमन प्रदेश सरकारले गर्ने । | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह | 2075 फागुन | | |